# तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७४

## तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७४ भाद्र १२

**प्रस्तावना :** तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तुलसीपुर उपमहानगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७४/०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१,१७,८६,९६,३९७ (अक्षेरुपी एक अरब सत्र करोड छयासी लाख छयानब्बे हजार तिन सय सन्तानब्बे रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त तुलसीपुर उपमहानगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० (बिस) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० (बिस) प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) विनियोजन गरिएको पुंजीगत खर्च र योजना गत खर्चमा कुनै शिर्षकको योजना प्राविधिक कारणले यस वर्ष संचालन गर्न नसकिने भएमा कार्यपालिकाले यथोचित कारण देखाई सोही प्रकृतिको नयाँ कार्यक्रम वा योजना संचालन गर्न सक्नेछ ।

(५) वार्ड स्तरीय योजना प्राविधिक वा अन्य विशेष कारणबाट सम्पन्न गर्न नसकिने अवस्था आएमा सम्बन्धित वार्ड समितिको बैठकले यथोचित कारण देखाई नयाँ योजना नगर कार्यपालिकालाई जानकारी गराई सँचालन गर्न सकिनेछ ।

(६) नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न, बजेट मन्तव्य अनुसारका योजनागत विवरणहरु यस पछिका अनुसुचीहरुमा संलग्न गरिएको छ ।

(७) विविध : आ.व.को २०७४/०७५ को आम्दानी र खर्च सम्बन्धमा यस आ.व.को २०७४ श्रावण १ गते देखी हालसम्म भएको खर्च पनि यसै ऐन बमोजिम भएको मानिनेछ ।

# अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सांवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| ६ | | | | | | |